# हार्दिक आभार एवम् धन्यवाद

तातोपानी नाका पुनः सञ्चालन भएपछि हामी यस क्षेत्रका नागरिक हर्षित भएका छौ । २०७२ सालको विनाशकारी भूकम्प पछि यो नाका पुर्ण रुपमा बन्द थियो । चिनको आर्थिक तथा प्राविधिक सहयोगमा सुख्खा बन्दरगाह निर्माण पुरा भएपछि यो नाका पुनः संचालनमा आएको हो । यो हामी सबैको गौरवको विषय पनि हो नेपाल सरकारका तर्फबाट यस कामका लागी धेरै पहल कदमी भएको थियो । त्यसका लागी नेपाल सरकार धन्यवादको पात्र बनेको छ । नेपाल - चीन दुई पक्षिय सहमति अनुसार तातोपानीमा सुख्खा बन्दरगाह सञ्चालन गर्ने नेपाल सरकार वाणिज्य मन्त्रालय र चिनीयाँ दुतावास बिच २०१७ मार्च ३१ मा सहमती भएको थियो । सिमा नदीमा रहेको मितेरी पुल लगाएतका अन्य भौतिक संरचनाहरु समेत निर्माण गरि २०१९ अप्रिल ३० अघि निर्माण सम्पन्न गर्ने र मे २० सम्म नेपाली पक्षलाई हस्तान्तरण गर्ने सहमती भएको थियो ।

नाका सञ्चालनका लागी भुकम्पले क्षति पुऱ्याएको बाटो निर्माण भई यातायात संचालनमा आइसकेकाले अव विस्तारै नाकामा कारोवार सुरु हुनेछ । नाका खुले पनि यो पुरानै शैलिमा फर्कन भने अझै केहि समय लाग्ने छ । चीनले आफ्नो तर्फ भूकम्पले क्षति गरेका धेरै संरचनाहरु पुनः निर्माण गरेको छ भने नेपाल तर्फ पनि भैतिक पुर्वाधारका काममा सहयोग गरिरहेको छ बन्न बाँकी संरचनाहरु छिटो सम्पन्न गर्न हामी हार्दिक आग्रह गर्दछौं र स्थानिय सरकारको तर्फबाट सक्दो सहयोग गर्ने बचनबद्धता समेत प्रकट गर्दछौं ।

तातोपानी नाका खुल्दा नेपाल-चीन व्यापारको प्रमुख वैकल्पीक स्थलमार्ग रुपमा संचालन भै आयात निर्यातमा सरल र सहज हुनेछ । अहिले नाकामात्र खोल्ने र ठुला परिमाणका सामान मात्र आयात निर्यात गर्ने योजना रहेको बुझिएको छ । यसरी देशको अर्थ तन्त्रमा नै विशेष महत्व राख्ने यो नाका पुनः संचालनमा आउँदा सिन्धुपाल्चोक वासी खुबै खुशी भएका छन् । विशेष गरि भोटेकोशी गाउँपालिकाका सबै जसो नागरिकहरु यस नाका बाट रोजगार पाउन सफल भै प्रत्यक्षरुपमा लाभान्वीत हुनेछन् ।

यो काममा सहजिकरण गर्ने सप्पुर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलपिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश नेपाल
२०७३

राजकुमार पौडेल
अध्यक्ष